**कार्यक्रम : संघियता र लैङ्गिक समानता विषयक कार्यशाला गोष्ठी**
**मिति : २०६८/९/२२ गते,**

मिति २०६८/९/२२ गतेका दिन राष्ट्रिय महिला आयोग र UN Women को संयुक्त आयोजनामा ***संघियता र लैङ्गिक समानता विषयक कार्यशाला गोष्ठी,*** राष्ट्रिय महिला आयोगको सभा हलमा आयोजना गरिएको थियो । उक्त कार्यक्रममा पूर्व उपसभामुख चित्रलेखा यादव लगायतका माननीय सभासदज्यूहरू, सम्बन्धित विषयका विज्ञ महानुभावहरू र सम्बन्धित सरोकारवालाहरूको उपस्थिती रहेको थियो भने कार्यक्रम राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूको अध्यक्षतामा आयोगका उपसचिव यमेन्द्र उपाध्यायद्वारा सञ्चालन गरिएको थियो ।

कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै राष्ट्रिय महिला आयोगका सदस्य मोहना अन्सारीले महिलाका हक हितको संरक्षण र संवर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि राष्ट्रिय महिला आयोग स्थापना भएको र सोहि अनुरूप आयोगले विभिन्न कार्यक्रमहरू गर्दै आएको बताउनु भयो । उहाँले अव बन्ने संविधानमा महिलाको हक हितको संरक्षण गर्न एवं संघियता भित्र राष्ट्रिय महिला आयोगको संरचना कस्तो हुने भन्ने सम्बन्धमा जानकारी प्राप्त गर्न समेत यस कार्यक्रमले सहयोग गर्ने बताउनु भयो । राज्य शक्तिको बाँडफाँड जनसंख्याको मात्राको आधारमा गरिनु पर्ने उल्लेख गर्दै आगामी संविधानमा राज्यका हरेक निकायमा महिला पुरूष दुबैको समानुपातिक सहभागीताको सुनिश्चितता हुनु पर्नेमा जोड दिनुका साथै उपस्थित विज्ञ महानुभावहरूको विचार एवं सुझावले संघिय राज्य प्रणालीमा लैङ्गिक न्याय कायम गर्न महत्वपुर्ण सहयोग पुग्ने उल्लेख गर्नु भयो ।

कार्यक्रममा आफ्ना भनाईहरू राख्दै UN Women का Program support manager यमन यादवले यस गोष्ठीबाट संघियतामा लैङ्गिकताको अवस्था एवं सम्भाब्य चुनौतिहरूका विषयमा पूर्व जानकारी प्राप्त गर्न सहयोग मिल्ने उल्लेख गर्दै कार्यक्रमबाट प्राप्त सुझावले लैङ्गिक समानता कायम गर्न एवं अव बन्ने संविधानमा महिला हक हितको संरक्षण गर्न सहयोगी हुने बताउनु भयो ।

उक्त कार्यक्रममा अधिवक्ता दिनेश त्रिपाठीद्वारा *लैङ्गिक समानता र संघियता* विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । उहाँले कार्यपत्र मार्फत संघियता के हो? यो किन महत्वपुर्ण छ? संघियतालाई लैङ्गिक उत्तरदायी बनाउन के गर्नु पर्छ? लैङ्गिक समानत प्राप्त गर्न संविधानमा के के प्रवधानहरू राखिनु पर्छ? लगायतका शिर्षकमा केन्द्रित भएर विचारहरू राख्नुका साथै केही संघिय राष्ट्रहरूले लैङ्गिकताका सम्बन्धमा गरेका उपलब्धीहरूको समेत सूचना दिनु भएको थियो । उहाँले महिलाहरूको सवाल केवल महिलामा मात्र केन्द्रित नभई समग्र समाजको सम्वृद्धिसंग गाँसिने भएको हुनाले राज्यद्वारा नीति नियमहरू बनउँदा समग्र महिलाका निम्ति ठिक छ या छैन भन्नेमा विचार पुऱ्याउनु पर्ने बताउनु भयो । लिखित संविधान संघियताको आत्मा भएको उल्लेख गर्दै उहाँले संघियतामा संविधानको परीधि भित्र रहेर प्रदेशले केन्द्रद्वारा तोकिएको नियम र स्वनियमको अभ्यास गर्न सक्ने उल्लेख गर्दै लैङ्गिक समानताका निम्ति लैङ्गिक उत्तरदायी संविधानको आवश्यक्ता रहेको बताउनु भयो । उहाँले आगामी संविधानमा CEDAW का आधारभुत प्रावधानहरू समावेश गरिनु पर्ने उल्लेख गर्दै

निर्णय प्रक्रियामा महिलाको उचित सहभागीताका लागि देशको निर्वाचन प्रणाली महिला संवेदनशील एवं महिला मैत्री हुनु पर्नेमा जोड दिनु भयो । उहाले लैङ्गिक समानता कायम गर्नका लागि विभेदकारी कानूनहरू बनाउन नहुने, सामाजिक सुरक्षाको ग्यारेन्टी गरिनु पर्ने, पहिचानको अधिकार लगाएत सम्पत्तिमा समान अधिकारको सुनिश्चितता गरिनु पर्नेमा जोड दिनु भयो ।

अधिवक्ता दिनेश त्रिपाठीको कार्यपत्र माथि टिप्पणी गर्दै प्रो. कृष्ण खनालले संघियता र लैङ्गिक समानता विचको सम्बन्ध अत्यन्त चुनौतिपूर्ण रहेको उल्लेख गर्नु भयो । उहाँले संघिय प्रणाली बहु तहको संरचना भएको र भिन्न भिन्न निर्णय गर्ने स्थान रहने हुँदा विभिन्न तहमा महिलाको हक अधिकार सुनिश्चित गर्न के कस्तो प्रावधानको व्यबस्था गर्ने भन्ने चुनौती रहेको बताउनु भयो । उहाँले संघियता एउटा वार्ता प्रणाली भएको उल्लेख गर्दै यस किसिमको अभ्यासको विकास नेपालमा नभइसकेको उजागर गर्नु भयो । वार्ता प्रणाली लेनदेन र समझदारीका विधीहरूबाट अन्त्य हुने हुँदा महिला हितको दृष्टिकोणबाट यस पद्दतीलाई अपनाइनु पर्ने उल्लेख गर्नु भयो । संघिय प्रणालीमा प्रदेश/प्रदेशका बीच र केन्द्र र प्रदेशका बीच विभिन्न अवसरहरूको सृजना भइरहने र अवसर प्राप्तीका निम्ति वार्ताले महत्वपुर्ण भुमिका खेल्ने हुँदा महिला हितको दृष्टिकोण नअपनाइएमा समग्र महिला अन्यायमा पर्न सक्ने खतरा रहेको समेत उहाँले औल्याउनु भयो । संघियता आफैमा सवै समस्याको समाधान गर्ने अचुक औषधी नभएको उल्लेख गर्दै यस प्रणालीले कमजोरको भन्दा शक्तिशाली समाजको पक्ष लिने र समग्र महिलालाई विश्वब्यापी रूपमा कमजोर वर्गमा राखिने गरेकोले पनि संघियतामा महिलाको हित हुने किसिमले कसरी कार्य गर्न सकिन्छ भन्ने वारेमा विचार पुऱ्याउनु पर्ने बताउनु भयो । अन्य देशमा विभाजित समाजको ब्यवस्थापनका लागि संघिय प्रणाली अपनाइए तापनी भाषिक, सांस्कृतिक र जातीय विभिदताको ब्यवस्थापन हाम्रो सामु चुनौतीपूर्ण रहेको उल्लेख गर्नु भयो ।

सोही कार्यपत्र माथि विज्ञको हैसियतले टिप्पणी गर्दै पूर्व उपसभामुख चित्रलेखा यादवले संघियता र लैङ्गिक समनत दुवै वृहत क्षेत्र भएकाले एकै ठाँउमा मिलाउने कार्य आफैमा चुनौतीपुर्ण रहेको बताउनु भयो । नेपालको सवालमा देशको अवस्थालाई सुहाउँदो संघियता र संघियता भित्रको लैङ्गिक समानतामा ध्यान केन्द्रित गरिनु पर्नेमा जोड दिनु भयो । उहाँले संविधान निर्माणको यात्रा युगान्तकारी परिवर्तनलाई संस्थागत गर्ने यात्रा भएको र युगान्तकारी परिवर्तनका निम्ति महिलाले पुऱ्याएको योगदान र हासिल गरेका उपलब्धी एवं अधिकारलाई कसैले पनि नकार्न नसक्ने उल्लेख गर्नु भयो । संघिय प्रणालीले सम्पुर्ण जनतालाई सरकारसंग नजिक्याउने हुँदा यस प्रणालीद्वारा सवै नागरिकलाई समान अधिकारको ब्यवस्था गर्नका लागि आधारशिला तयार गर्ने बताउनु भयो । संघियतामा लैङ्गिक समानता कायम गर्नका निम्ति पुरूषहरूको प्रधानता र महिलाहरूको पराधिनता नरहने किसिमको संघियता निर्माण गरिनु पर्नेमा उहाँले जोड दिनु भयो । संधियतामा नयाँ समस्या नयाँरूपमा उब्जन सक्ने बताउँदै उहाँले ती आशंका संग जुध्न सक्ने गरी संयन्त्रहरूको निर्माण गरिएमा समस्याहरूको समााधान हुन सक्ने बताउनु भयो । उहाँले निर्वाचन प्रणालीलाई महिला मैत्री बनाउनु पर्नेमा जोड दिंदै लैङ्गिक समानताका लागि लैङ्गिक संवेदनशिल, लैङ्गिक उत्तरदायी र लैङ्गिक मैत्री दृष्टिकोण हुनु पर्ने उल्लेख गर्नु भयो । राज्यका नीतिहरू नेता मूखि नभएर नीति मुखि हुन सकेमा मात्र सवै वर्ग र समुदायले लाभ लिन सक्ने समेत उहाँले बताउनु भयो । उहाँले महिलाको राजनैतिक सशक्तिकरण प्राप्ति हुनुले मात्र लैङ्गिक समस्याको समाधान गर्न नसक्ने उल्लेख गर्दै

संघियतामा लैङ्गिक समानता कायम गर्नका लागि सबै महिलाहरू आफ्नो जाति र वर्गको हित भन्दा माथि उठेर समग्र महिला वर्गको हितका लागि एकजुट हुनु पर्ने र सबै राजनीतीक पार्टीहरूले समग्र महिला वर्गको सामाजिक र आर्थिक विकासका लागि कार्य गर्नु पर्ने बताउनु भयो । संघियतामा लैङ्गिक समानता कायम गर्नका लागि अब बन्ने संविधानमा महिलाको संरक्षणको अधिकार कटौती नहुने खालको ब्यवस्था गरिनु पर्ने र महिलाहरू देशका समान नागरिक हुन  भन्ने भावनाको प्रत्याभुती दिन सकेमा मात्र लैङ्गिक समानताको सुरक्षा गर्न सकिने बताउनु भयो ।

उक्त कार्यक्रममा डा. सुरेन्द्र के.सी.द्वारा सहज कर्ताको भूमिका निर्वाह गरिएको थियो । कार्यपत्र प्रस्तुती र प्रस्तुती माथि टिप्पणी गर्ने कार्यको समाप्ती संगै सहजकर्ताद्वारा विषयमा केन्द्रीत भएर सहभागीहरूलाई आफ्ना विचारहरू राख्नका लागि Flour Open गरिदिनु भएको थियो ।

सहभागीहरूद्वार संघिय प्रणालीमा राजनैतिक दलहरूको एक मत हुन नसकिरहेको, प्रान्तीय पहिचानको परिभाषामा एकरूपता आउन नसकेको उल्लेख गर्दै लैङ्गिक समानता प्राप्तीका लागि केन्द्रीय, प्रान्तीय र स्थानीय स्तरमा महिलाको अधिकार सुनिश्चित हुने खालको संयन्त्रको निर्माण गरिनु पर्नेमा जोड दिइएको थियो भने राष्ट्रिय महिला आयोग केन्द्र संगसंगै विभिन्न प्रान्तमा राखिनु पर्ने र केन्द्रद्वारा प्रन्तीय आयोगको अनुगमन/ निरीक्षण गरिनु पर्ने धारणा राखिएको थियो । लैङ्गिक समानता कायम गर्नका लागि अधिकार प्रत्यायोजन गर्दा सिमान्तकृत समुदायका महिलाहरूको समस्या पहिचान गरि उक्त वर्गको अधिक लाभ हुने किसिमले गरिनु पर्ने र प्रान्त संगसंगै केन्द्रीय स्तरमा समेत महिला सहभागीताको कोटा संविधानमै निर्धारण गरिनु पर्नेमा जोड दिइएको थियो । त्यस्तै राष्ट्रिय महिला आयोगलाई विकेन्द्रीकरण गरिनु पर्ने, आगामी संविधानमा महिलाको समानुपातीक र अर्थपुर्ण सहभागीता सुनिश्चित हुनु पर्ने, संविधानमा CEDAW का  आधारभुत प्रवधानहरूको उचित संवोधन गरिनु पर्ने, र लैङ्गिक समानतालाई आर्थिक, राजनैतिक, सांस्कृतिक र सामाजिक पहिचानको समानता संग गाँसेर हेरिनु पर्ने विचारहरू सहभागीबाट राखिएको थियो ।

राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रि पोखरलले लैङ्गिक समानता र संघियतामा प्रस्तुत भएको कार्यपत्र, टिप्पणी कर्ता र अर्थपूर्ण सहभागीताले कार्यक्रमलाई खदिलो बनाएको उल्लेख गर्दै लैङ्गिक समानता कायम गर्नका लागि हरेक तहमा महिलाको अर्थपूर्ण र सम्मानजनक सहभागिताको सुनिश्चितता संविधानमै गरिनु पर्ने उल्लेख गर्दै कार्यपत्रमा लैङ्गिकता र संघियता विचको सम्बन्ध झल्किने, र लैङ्गिक समानता कायम गर्नका लागि आवश्यक प्रावधानहरू प्रष्ट्याउने गरि सुधारको आवश्यक्ता रहेको वताउनु भयो ।

अन्त्यमा, राष्ट्रिय महिला आयोगका अध्यक्षद्वारा लैङ्गिक समानता कायम गर्नका लागि सवै महिलाहरू वर्गीय, जातीय एवं व्यक्तिगत हित भन्दा माथि उठेर विविधतामा एकता दर्शाउनु पर्ने, महिलाको सवालमा देशका सवै महिलाहरू एक ढिक्का भएर जानु पर्ने र यसको अभ्यास हाम्रो देशमा उत्तम रहेको उल्लेख गर्दै अब बन्ने संविधानमा सवै वर्गका महिलाका सवालहरू संबोधन एवं सुनिश्चित गरिनु  पर्ने र राष्ट्रिय महिला आयोगको केन्द्र लागाएत प्रदेशमा समेत पहुँच पुग्नु पर्नेमा जोड दिदै उपस्थित सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिंदै कार्यक्रको समापनको घोषणा गर्नु भएको थियो ।